का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० मंसिर २०८०,
आइतबार
26 November 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# राजावादी देखिने होड

राजावादी बन्नेहरुको होडमा राप्रपाले झापामा र प्रसाईं समूहले काठमाडौंमा शक्ति प्रदर्शन गरेका हुन् । प्रसाईंको आन्दोलनप्रति मौन रहेका ज्ञानेन्द्र शाह झापा जाँदा राप्रपाले उनको स्वागतमा शक्ति प्रदर्शन गरेर आफू असली राजावादी भएको देखाउन खोजेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ मंसिर

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले झापामा शक्ति शनिबार प्रदर्शन गरेको छ। अध्यक्ष राजेन्द्र लिङ्देनको अगुवाइमा शक्ति प्रदर्शन गरिएको हो । राप्रपाका नेता/कार्यकर्ताले बिर्तामोडमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई भव्य स्वागत गरे ।

पूर्व राजा शाह औपचारिक कार्यक्रमका लागि झापा पुग्ने भएपछि राप्रपाले बाजागाजासहित शक्ति प्रदर्शन गरेको हो । पूर्वराजा शाहले पञ्चकन्यास्थित इकम कलेजको उद्धाटन तथा कलेज प्राङ्गणमा निर्मित पृथ्वीनारायण शाहको शालिक अनावरण गर्ने कार्यक्रममा सहभागी हुन गएका हुन् ।

राजवादीको रुपमा संघीय राजधानीमा सडक प्रदर्शनमा उत्रिएका दुर्गा प्रसाईं ज्ञानेन्द्र शाहको प्रत्यक्ष सहभागिता चाहिरहेका छन् । यही बेला झापामा ज्ञानेन्द्र शाहको उपस्थितिसँगै राप्रपाले आफूलाई असली राजावादी पार्टी देखाउने प्रयासमा शक्ति प्रदर्शन गरेको हो । पूर्वराजा शाह औपचारिक कार्यक्रमका लागि झापा पुग्ने भएपछि राप्रपाले मानिसहरुको उपस्थितिमा बाजागाजासहित राप्रपाले शक्ति प्रदर्शन गरेको हो ।




मेडिकल व्यवसायी समेत रहेका प्रसाईं राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानको रुपमा बिहीबारदेखि प्रदर्शनमा उत्रिएका हुन् । प्रसाईंको आन्दोलनलाई केही राजावादीहरूको साथ रहेको भनिए पनि राजावादी पार्टी (राप्रपा)ले संस्थागत रुपमा साथ दिएको छैन । राजावादी बन्नेहरुको होडमा राप्रपा र प्रसाईं समूहले शक्ति प्रदर्शन गरेका हुन् । ज्ञानेन्द्र शाह भने मौन रहेका छन् ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, राप्रपा संसदीय दलका प्रमुख सचेतक ज्ञानेन्द्र शाही, राप्रपा नेपालका अध्यक्ष कमल थापा लगायत पनि राजवादी बन्ने होडमा छन् । मुलुकमा राजसंस्था हुनैपर्ने अवस्था आएको अभिव्यक्ति निरन्तर दिँदै आए मिश्रले प्रसाईं समूहको आन्दोलनको समेत समर्थन गर्दै आएका छन् । मिश्रले राजनीतिभन्दा माथि उठनुपर्ने राष्ट्रपति संस्था इमान्दार नभएको, सरकार भ्रष्ट भएको भन्दै विरोध जनाउने गरेका छन् । मुलुकले संघीयता धान्नै नसक्ने र सुधारका लागि राजतन्त्र आवश्यक रहेको उनको जिकीर छ । राजनीतिक, आर्थिक, भौगोलिक कुनै पनि रुपमा मुलुकले संघीयता धान्नै नसक्ने मिश्रको तर्क छ । वरिष्ठ उपाध्यक्ष मिश्र धर्मको नाममा, जातको नाममा राजनीति हुन थालेपछि मुलुक झनै कमजोर हुँदै गएको दाबी गर्छन ।

उनका अनुसार राष्ट्रपति संस्था, जुन राजनीतिक भन्दा माथि

पृष्ठ २ मा




# कोशीको बजेटमा एमालेको समर्थन

यसअघि आफू नेतृत्वको सरकारले ल्याएकै बजेटमा थोरै परिवर्तन गरिएको मुख्यमन्त्रीले बताएको भन्दै एमालेले नीतिगत समर्थन रहेको बताएको हो ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ मंसिर

कोशीका मुख्यमन्त्री केदार कार्कीले ल्याएको बजेट प्रतिस्थापन विधेयकलाई नेकपा एमालेले समर्थन गरेको छ । एमाले कोसी संसदीय दलका नेता हिक्मत कार्कीले बजेट विधेयकमा नीतिगत समर्थन रहेको बताए ।

विधेयक पेस भएपछि पत्रकारहरुसँग कुरा गर्दै पूर्वमुख्यमन्त्रीसमेत रहेका



कार्कीले आफूहरुले सरकारले ल्याएको प्रतिस्थापन विधेयकलाई सरसर्ती हेरेर नीतिगत समर्थन दिएको बताए । उनले यसअघि आफू नेतृत्वको सरकारले ल्याएकै बजेटमा थोरै परिवर्तन गरिएको मुख्यमन्त्रीले बताएको भन्दै नीतिगत समर्थन रहेको बताए ।

तथापि, एमालेले अध्ययनपछि विधेयक पास गर्ने समयमा स्पष्ट रुपमा मत राख्ने बताए । उनले पूर्ण रुपमा समर्थन गर्ने वा फेल गराउने भन्ने विषयमा विस्तृत अध्ययनपछि मात्रै भन्न सकिने बताए । शनिवार कोशी प्रदेश सरकारले ३६ अर्ब ७४ करोड ३५ लाख रुपैयाँको

पृष्ठ २ मा

## उदयपुरमा स्कुल बस दुर्घटना

# ३ जनाको मृत्यु, ३९ घाइते

मदनभण्डारी लोकमार्गमा बस अनियन्त्रित भइ सडकदेखि ४० फिट तल झरेर दुर्घटना भएको हो ।

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ९ मंसिर

उदयपुरमा स्कुल बस दुर्घटना भएको छ । दुर्घटनामा परी दुई विद्यार्थीसहित ३ जनाको मृत्यु भएको छ भने ३९ घाइते भएका छन् ।

त्रियुगा नगरपालिका-५ देउरीको अन्नपूर्ण स्कुलको बस आज दिउँसो उदयपुरगढी गाउँपालिका-७ अँधेरीमा दुर्घटना भएको हो ।



जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार बनभोजबाट फर्कने क्रममा बस दुर्घटना भएको हो । दुर्घटनामा परी बस चालक ४० वर्षीय भिखन चौधरीको घटनास्थलमा नै मृत्यु भएको छ । साथै, ७ वर्षीय सन्ध्या चौधरी र ६ वर्षीय विकास चौधरीको मृत्यु भएको छ ।

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## विभागको फेमिस समस्या

# नाम अनलाइन काम झन् ढिला !

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ मंसिर

वैदेशिक रोजगार विभागले श्रम स्वीकृतिका लागि प्रयोगमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा समस्या आएको भन्दै फाइल अपलोड नगर्न आग्रह गरेको छ। प्रणालीमा समस्या आएपछि मर्मतका लागि विभागका आईटी इन्जिनियरहरूले लामो मिहेनत र प्रयास गरेपनि समस्या समाधान नभएपछि विभागले शुक्रबार सूचना प्रकाशित गरी फाइल अपलोड गर्दा समस्या आएकोले अर्को सूचना प्रकाशित नभएसम्म श्रम स्वीकृतिका लागि कुनैपनि फाइल अपलोड नगर्न आग्रह गरेको हो ।

श्रम स्वीकृतिमा ढिलाइ भएपछि वैदेशिक रोजगारमा जाने कामदार र उनीहरूलाई पठाउने व्यवसायीले निराशा व्यक्त गरिरहेका बेला विभागले समस्या समाधान नभएको बताएको हो। विभागका कम्प्युटर इन्जिनियर नरेन्द्रप्रसाद दासले प्रणालीमा समस्या उत्पन्न भएका कारणले व्यवसायी तथा कामदारलाई भएको असुविधाप्रति

पृष्ठ २ मा

## साथीको छुरा प्रहारबाट पोर्चुगलमा एक नेपाली युवाको निधन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ९ मंसिर

आफ्नै साथीको छुरा प्रहारबाट पोर्चुगलमा एक नेपाली युवाको निधन भएको छ । छुरा प्रहारबाट गम्भीर घाइते भएका कुश्मा नगरपालिका १३, खौला, पर्वतका ३६ वर्षीय धन बहादुर क्षेत्रीको उपचारका क्रममा निधन भएको हो ।



क्षेत्रीका सान्तियागोस्थित लिटरोल अलेन्टेजानो अस्पतालमा उपचारका क्रममा बिहीबार दिउँसो निधन भएको गैरआवासीय नेपाली संघ पोर्चुगलका अध्यक्ष उमेश खड्काले जानकारी दिए । मृतक

पृष्ठ २ मा


## CYPRUS मा रोजगारको अवसर

कम्पनी : THEO EMPLOYMENT & TRAVEL LTD
शहर: ROMANOU STREET
पूर्व स्वीकृत मिति: २०८०/०८/०७
चलानी नं.: ६०२१०४३३
L.T. No.: 295159

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 0 | 2 | सम्बन्धित काममा दक्ष | 425 | ६१७३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2. | Cook A. | 2 | 0 | | 1262 | १८३३३० | | | | | | | |
| 3. | Cook B | 2 | 0 | | 1018 | १४७८८४ | | | | | | | |
| 4. | Domestic Worker | 1 | 13 | | 314 | ४५६१४ | | | | | | | |

अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।

नोट: यसै कम्पनीको लागि Waiter/Waitress, Bartenders, Housekeeping र Kitchen Helper कामदारहरू को पनि माग भई आएकाले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ८५१/०६६/०६७

Gurung Magar Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal,
Tel: +977-15903411, +977-15903412, 9851002414
9851002414, 9849886526, 9851003258, 9841784491, 9851003256
Email: gmservicesnepal@gmail.com, info@gurungmagarservices.com
Website: www.gurungmagarservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: MTL ENGINEERING SDN.BHD. शहर : SOLOK TELOK
पूर्व स्वीकृत मिति: २०८०/०७/२४
चलानी नं.: ६०२१००००
LT. No.:294956

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 70 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: DELTA ZEEFORCE SECURITY SERVICES SDN BHD शहर : KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०८०/०८/०५
चलानी नं.: ६०२१०४०५
LT. No.:295208

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १६ गते (2 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

श्रम ई. पत्र नं.: ११७१/०७३/०७४

DITYA INTERNATIONAL PVT. LTD.
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 015912818
E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

मध्यान्ह
www.madhyanhadaily.com
१० मंसिर २०८०, आइतबार
26 November 2023, Sunday

# जलवायु परिवर्तन मानव समुदायको चुनौतीका रुपमा आयोः प्रधानमन्त्री

**काठमाडौं/मस-**प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तन कुनै देश, पार्टी, सम्प्रदाय विशेषको मात्र साझा समस्या नभएर सिंगो मानव समुदायको चुनौतीका रूपमा अगाडि आएको बताएका छन् ।

नेकपा माओवादी केन्द्रका युवा नेता विशाल खड्काको 'पर्यावरणीय संकट : आठ अर्ब मानिसको साझा चुनौती' नामक पुस्तक बिहीबार बालुवाटारमा सार्वजनिक गर्दै प्रधानमन्त्री दाहालले भने, 'जलवायु परिवर्तसम्बन्धी समस्या समाधान गर्न सबैको एकमत छैन । पूँजीवादीको एकमत छ, मार्क्सवादीको अर्को मत छ । गरिब देशले यो समस्या सिर्जना गरेका होइनन्, यो तथ्य सबैले स्वीकार गर्नुपर्छ ।'

नेपालका प्रमुख राजनीतिक दलमध्ये नेकपा (माओवादी केन्द्र)ले नै जलवायु परिवर्तनका बारेमा बहस गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पार्टीको ८ औँ महाधवेशनको दस्तावेजमा जलवायु परिवर्तनको संकट, समाधानका प्रयासका बारेमा चर्चा गरेको जानकारी दिए । 'कोप-२८ को पूर्वसन्ध्यामा म यहाँ तपाईँहरुलाई भन्न चाहन्छु- हाम्रो पार्टी माओवादी केन्द्र र मेरो नेतृत्वको सरकार पर्यावरणका मुद्दाप्रति निकै गम्भीर र संवेदनशील छ । हामी हाम्रो भावी पुस्ताप्रति पनि त्यति नै संवेदनशील छौँ, जति एउटी आमा आफ्नो बच्चाप्रति हुन्छिन्,' प्रधानमन्त्री प्रचण्डले भने । माओवादी केन्द्रका नेता राम कार्कीले पर्यावरण जोगाउने आगामी बाटो के हो भन्ने पुस्तकले देखाएको बताए । पर्यावरण विनाश गर्ने विकास र पूर्वाधार निर्माण बन्द गर्नुपर्नेमा उनले जोड दिँदै विकासको यो बाटो अब त्याग्नुपर्ने र पर्यावरणमैत्री र जनमैत्री बाटोमा अगाडि बढ्नुपर्ने स्पष्ट पारे । समुदायको सम्पदालाई समुदायमै फिर्ता गर्न पुस्तकले प्रेरित गरेको उनको भनाइ छ ।




# 'पशुपतिनाथ मन्दिर उत्तराखण्डमा बन्ने भन्नेमा सत्यता छैन'

**काठमाडौं/मस-**पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथ मन्दिर अब उत्तराखण्डमा भन्ने समाचारमा कुनै सत्यता नभएको बताएको छ ।

भारतमा पशुपतिनाथको मन्दिर बनाउन स्वीकृति दिएको भन्ने समाचारमा कुनै सत्यता नभएको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा.घनश्याम खतिवडाले बताए । उनले भने, 'पशुपतिनाथ मन्दिर अब उत्तराखण्डमा भन्ने समाचारमा कुनै सत्यता छैन, उक्त भ्रामक समाचारप्रति कोषको ध्यानाकर्षण भएको छ ।' कोषले शनिबार प्रेस विज्ञप्ति प्रकाशित गरी भारतमा पशुपतिनाथको मन्दिर बनाउन स्वीकृति दिएको भन्ने समाचारप्रति आपत्तिसमेत जनाएको छ ।

'समग्र हिन्दूहरूको मूल आस्थाको धरोहर पशुपतिनाथका विषयमा र मन्दिरको संरक्षक पशुपति क्षेत्र विकास कोषका विषयमा भारत र नेपालका केही सञ्चारमाध्यममा प्रसारित तथा प्रकाशित भ्रामक समाचारप्रति कोषको ध्यानाकर्षण भएको छ', विज्ञप्तिमा भनिएको छ । भ्रामक समाचारका कारण हिन्दू धर्म दर्शन एवं पाशुपत दर्शनप्रति आस्थावान् धार्मिकजनप्रति पारिएको आघात पुगेको भन्दै कोषले भारतको उत्तराखण्डमा पशुपतिनाथ मन्दिर बनाउन स्वीकृति, सहमति दिने सम्बन्धमा कुनै स्वीकृति, सहमति, निर्णय नभएको कोषको भनाइ छ ।




# भूकम्पले क्षति पुऱ्याएको सार्वजनिक संरचना प्रदेश सरकारले निर्माण गर्ने

**जाजरकोट/मस-**जाजरकोट भूकम्पबाट क्षति भएका सरकारी तथा सार्वजनिक संरचनाको निर्माण प्रदेश सरकारले गर्ने भएको छ । सरकारी कार्यालय, विद्यालय, प्रहरी कार्यालय, खानेपानी, सिँचाइ आयोजनामा भएको क्षति प्रदेश सरकारले निर्माण गर्ने कार्ययोजनाका साथ नियमित छलफलमा रहेको आर्थिक मामिला तथा योजनामन्त्री वेदराज सिंहले जानकारी दिए ।

भूकम्पले सबैभन्दा जाजरकोट र रुकुमपश्चिममा क्षति पुऱ्याएको छ । भूकम्पले कर्णालीका ५४ वटा प्रहरी कार्यालयमा क्षति पुगेको छ । जिल्ला प्रहरी कार्यालयदेखि अस्थायी प्रहरीचौकीसम्म भूकम्पले क्षति बनाएको कर्णाली प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।

जाजरकोटमा ३३, रुकुमपश्चिममा १२, सल्यानमा तीन, जुम्लामा चार वटा, कालीकोटमा दुई वटा प्रहरी भवनमा क्षति पुगेको प्रमुख ढकालले जानकारी दिए । जाजरकोटका जिल्ला प्रहरी प्रहरी कार्यालयको चार वटा भवन भत्किएका छन् । बाह्र वटा इलाका प्रहरी कार्यालय, १० वटा प्रहरीचौकी, अस्थायी प्रहरी पोष्ट छ वटा, जिल्ला ट्राफिक कार्यालय एक वटा गरी जम्मा ३३ वटा भत्किएको ढकालले बताए ।

रुकुमपश्चिममा जिल्ला प्रहरी कार्यालयमा एक वटा, इलाका प्रहरी कार्यालय दुई वटा, प्रहरीचौकी चार वटा, अस्थायी प्रहरी पोष्टमा पाँच वटा गरी जम्मा १२ वटा भत्किएका छन् । त्यस्तै सल्यानमा इलाका प्रहरी कार्यालय तीन वटा भत्किएका छन् । जुम्लामा जिल्ला प्रहरी कार्यालय एक, इलाका प्रहरी कार्यालय एक र प्रहरीचौकी दुई गरी जम्मा चार वटा भत्किएको प्रहरीको भनाइ छ । कालीकोटमा जिल्ला प्रहरी कार्यालय एक र प्रहरीचौकी एक गरी जम्मा दुई वटा भत्किएका छन् ।

कर्णालीभरमा तीन सयभन्दा बढी विद्यालय भत्किएको पाइएको छ । सङ्घ र प्रदेश सरकारका प्राविधिक विद्यालयको अवस्थाका बारेमा बुझ्न पालिकामा गएका कारण हप्ता दिनपछि मात्र खास तथ्यांक आउने सामाजिक विकास कार्यालय जाजरकोटका प्रमुख यज्ञश्वार खत्रीले जानकारी दिए ।

स्वास्थ्य संस्थाको तथ्यांकसमेत अझैँ यकीन हुन सकेको छैन । स्थानीय तह र प्रदेश सरकारले तयार गरेको तथ्यांक फरक परेपछि समस्य भएको छ । कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले अझैँ यकीन तथ्यांक पाउन सकेको छैन । खानेपानी, सिँचाइतर्फ पनि कति क्षति भएको हो अझै यकीन भएको छैन । प्रदेश सरकारले रु.१० करोड विपद् व्यवस्थापन कोषमा जम्मा गरेको छ भने रु.एक अर्ब पुनःनिर्माणका लागि छुट्याएको छ ।



## राजावादी...

उठनुपर्ने हुन्छ । त्यो संस्थाले इमान्दारितापूर्वक काम गर्दैन। जहाँ प्रधानमन्त्रीको संस्थाले इमान्दारितापूर्वक काम गर्दैन, जहाँ प्रशासन र प्रहरीले इमान्दारितापूर्वक काम गर्दैन, जहाँ सबै स्वार्थ केन्द्रित छन त्यहाँ राजतन्त्र आवश्यक हुन्छ।

उपाध्यक्ष मिश्रका अनुसार नेपाल भूराजनीतिक रुपले संवेदनशील छ। कुनै पनि संस्थाले राम्रो काम गर्न नसक्ने ठाउँमा कुनै पनि किसिमको द्वन्द्व भयो भने त्यसलाई सम्हाल्न स्थिरता आवश्यक हुन्छ ।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले राजसंस्था एजेण्डा छोडेर पनि फेरि बोकेका छन् । २०६३ मा राजासहित प्रजातन्त्रको मूल विचारलाई बोकेर राप्रपा नेपाल स्थापना भएको थियो र तर २०७८ मा राप्रपा महाधिवेशनमा थापा अध्यक्ष पदमा राजेन्द्र लिङ्देनसँग हारेका थिए । त्यसपछि तत्कालीन राजा ज्ञानेन्द्र शाहप्रति असन्तुष्टि जनाउँदै थापाले राप्रपा परित्याग गर्दै राप्रपा नेपाल ब्युँत्याए । २०७८ पछि राप्रपा नेपालले राजसंस्था पुनर्स्थापनालाई पार्टीको कार्यनीति बनाएन ।

राप्रपा महाधिवेशनमा पूर्वराजा ज्ञानेन्द्र र निर्मल निवासले चलखेल गरेको आरोपसहित उनी राप्रपाबाट अलग भएका थिए । राजसंस्थाको एजेन्डा छाडेर थापाले हिन्दुराष्ट, सुशासन र समृद्धिलाई पार्टीको मूल एजेन्डा तय गरेका थिए ।

तर यसबीचमा भएका स्थानीय, प्रदेश र संघीय चुनावमा राप्रपा नेपालले कतै जित्न सकेन। २०७९ मंसिरमा भएको संघीय चुनावमा देशैभरबाट समानुपातिकतर्फ राप्रपा नेपाललाई करिब ११ हजार मत मात्रै प्राप्त भएको थियो । त्यसपछि थापा राजसंस्थाकै पक्षमा फर्किए । हाल उनी राजसंस्थाको पक्षमा निरन्तर वकालत गर्छन ।

## कोशीको...

बजेट अध्यादेश प्रतिस्थापन विधेयक प्रदेश सभामा पेस गरेको छ । शनिबार मुख्यमन्त्री कार्कीले विधेयक प्रदेश सभामा पेस गरेका हुन् ।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारमा रहेका दलहरुको सहमतिमा बजेट ल्याएको बताए । उनले यसअघि दुई पटक अध्यादेशबाट स्वीकृत भएको बजेटको आकारमा धेरै परिवर्तन नगरिएको बताए ।

'यस बजेटलाई हामीले धेरै चलाउने अवस्था थिएन । सरकार बनाउन साथ दिएको नेकपा एमाले, नेकपा माओवादी र एकीकृत समाजवादीको समर्थन र सहयोगमा बजेट आएको छ । सबैको सहमतिमा बजेट ल्याउँदा धेरै आकार बढाउनेतर्फ समय खर्चिएनौँ' उनले भने ।

मुख्यमन्त्री कार्कीले प्रदेशको चालु आर्थिक वर्षको लागि ३६ अर्ब ७४ करोड ३५ लाख १० हजार रुपैयाँ विनियोजन गरेको जानकारी दिए । उनले कुल विनियोजनमध्ये चालु खर्च १२ अर्ब ६८ करोड १० लाख ८३ हजार, पूँजीगत खर्च २० अर्ब ३८ करोड १५ लाख ८२ हजार, वित्तीयतर्फ १ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ३ अर्ब ६६ करोड ७३ लाख ४५ हजार रुपैयाँ रहेको बताए । जसमा चालु खर्चतर्फ संघीय अनुदान बचत फिर्ता २ अर्ब रुपैयाँ रहेको छ ।

प्रदेश सरकारले बजेटका लागि खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजश्वबाट ४ अर्ब ५७ करोड ७८ लाख ५० हजार, राजश्व बाँडफाँटबाट ११ अर्ब ६४ करोड ८१ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट ८ अर्ब ७८ करोड ३८ लाख, ससर्त अनुदानबाट ५ अर्ब ८४ करोड ३२ लाख, समपूरक अनुदानबाट ७३ करोड र विशेष अनुदानबाट ७६ करोड गरी राजश्व तथा वित्तीय हस्तान्तरणबाट ३२ अर्ब ८४ करोड २९ लाख ५० हजार रुपैयाँ रहेको छ ।

बाँकी अपुग रकम नगद मौज्दातबाट ४ अर्ब २५ करोड १ लाख तथा वैदेशिक अनुदानबाट १५ करोड ४ लाख ६० हजार व्यहोरिने भएको छ ।

## उदयपुरमा...

घाइते विद्यार्थीको जिल्ला प्रहरी र स्थानीयको सहयोगमा जिल्ला अस्पताल उदयपुरमा उपचार गरिएको छ। जिल्ला प्रहरी कार्यलय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिनन्दन चौधरीका अनुसार गम्भीर घाइते पाँच जनाको विराटनगरमा उपचार जारी छ।

उदयपुरको त्रियुगा नगरपालिका ५ देउरीको एक निजी विद्यालयको बस भाडामा लिएर स्थानीय बासिन्दा वनभोज गएका थिए । उनीहरू चढेको अन्नपूर्ण बोर्डिङको प्र.न.१-०५-००१ ख ००४४ नम्बरको बस दुर्घटनामा परेको हो ।

अभिभावक र विद्यार्थी पिकिनकबाट फर्कदै गर्दा उदयपुरगढी गाउँपालिका -७ जोगिटोल स्थित मदनभण्डारी लोकमार्ग अन्तर्गतमा बस अनियंत्रित भई रोडदेखी ४० फिट तल झरेर दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरको प्रमुख प्रहरी वरिष्ठ नायव निरीक्षक लोकबहादुर दियालीले जानकारी दिए । घाइतेहरुमध्येमा सोमिया चौधरीको जिल्ला अस्पतालमा मृत्यु भएको अस्पतालले जनाएको छ। जसमा सिकिस्त घाइतेहरु चण्डिका चौधरी, सत्यनारायण चौधरी , अनुष्का दास, स्वस्तिका चौधरी, रोहित चौधरी, राम चौधरी, सिद्धार्थ चौधरी, प्रेम चौधरी, गङा चौधरी लाई बाहिरी अस्पताल रेफर गरिएको प्रहरी स्रोतले जनाएको छ। दुर्घटनाको बारेमा अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। चालकले मादक पदार्थ सेवन गरेर बस चलाएको बताइएको छ ।

यस्तै, पाल्पामा ट्र्याक्टर दुर्घटनामा हुँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा पूर्वखोला गाउँपालिका ५ कर्नेडाँडाका ट्र्याक्टर चालक ४० वर्षीय चन्द्रबहादुर कामूको ज्यान गएको जिल्ला प्रहरी कार्यालय पाल्पाले जनाएको छ ।

दुर्घटनामा घाइते भएका उनको उपचारको क्रममा ज्यान गएको हो । कर्नेडाँडाबाट पोखरीछापतर्फ जाँदै गरेको लु ४ त ६५५३ नम्बरको खाली ट्र्याक्टर शुक्रबार दिउँसो अनियन्त्रित दुर्घटना भएको कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक सन्तोष चन्दले जानकारी दिए ।

## विभागको...

विभाग क्षमाप्रार्थी भएको बताए पनि प्रणालीमा देखिएको समस्याको कहिले समाधान हुन्छ भन्नेबारे केही बताएका छैनन् ।

खासगरी अनलाइन प्रणालीबाट चाहेको समयमा भौतिक उपस्थिति बिना नै श्रम स्वीकृति पाउने विश्वासमा र कामदारको सहजता र छिटो उडान सुनिश्चितताका लागि पहिले नै जहाज टिकट लिएका कामदारहरू श्रम स्वीकृति नपाउँदा रोजगार गन्तव्यमा जान नपाएको र उनीहरूको पैसा फिर्ता नहुने (नन् रिफन्डेवल) टिकट खेर जाने अवस्था छ । समयमा कम्पनीमा नपुग्दा कतिपयले रोजगारी नै गुमाउनु पर्ने उनीहरूको भनाइ छ । श्रम स्वीकृति नपाउँदा गत बुधबार कार्यालय परिसरमा कामदारहरु होहल्लामा उत्रिँदा तनावको अवस्था उत्पन्न भएको थियो ।

प्रणालीमा समस्या देखिएको समय डेढ महिनाभन्दा बढी भइसकेको छ । प्रणालीमा फाइल अपलोड नहुने र पटक-पटक 'इरर' देखाउने समस्या बढेको हो । अनलाइन प्रविधिका माध्यमबाट सेवा प्रवाहमा चुस्तता ल्याएको भन्दै विगतमा अनुकरणीय सरकारी कार्यालयको सार्वजनिक परिचय बनाएको ताहाचलमा लामो समससम्म सामान्य लाग्ने समस्याको समाधान नहुँदा धेरैले विभागका महानिर्देशक मदन दहालको कार्यक्षमतामा नै प्रश्न उठाएका छन् ।

## साथीको...

क्षेत्रीको शव परीक्षणका लागि सोही अस्पतालको शवगृहमा राखिएको र उनको निधन बारे निजको परिवारलाई जानकारी गराइएको खड्काले बताए ।

पोर्चुगलको ओडिमिरास्थित बोआभिस्ता बस्दै आएका क्षेत्रीलाई उनीसँगै बस्दै आएका पुतलीबजार नगरपालिका १२, पेल्काचौर, स्याङ्जाका ३० वर्षीय लोकेन्द्र गुरुङले गत मंगलबार राति छुरा प्रहार गरेका थिए । खड्काका अनुसार छुरा प्रहारबाट क्षेत्रीको हात, छाती, घाँटी र पेटमा गम्भीर चोट लागेको थियो । छुरा प्रहारबाट रगताम्मे भएका उनी घटनास्थलमै अचेत भएर ढलेका थिए। घटनालगत्तै प्रहरीलाई खबर गरिएको र क्षेत्रीको उद्धार गरी तत्काल अस्पताल पुऱ्याइएको थियो ।

गत मंगलबार राति कोठामा मासु काट्दै गरेका क्षेत्रीलाई मदिरा पिएर आएका गुरुङले एक्कासी छुरा प्रहार गरेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले जानकारी दिए । मासु काट्दै गरेको चक्कु खोसेर यसरी काट्ने हो मासु भन्दै क्षेत्रीमाथि गुरुङले अन्धाधुन्ध चक्कु प्रहार गरेको त्यहाँ रहेका अन्य नेपालीले बताएको हमालले बताए । छुरा प्रहार गरी फरार भएका गुरुङलाई प्रहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको उनले बताए। नेपाली समुदायबीच यस्तो खालको घटना हुनु अत्यन्तै दुखद् भएको महावाणिज्यदूत हमालले बताए ।

क्षेत्री र गुरुङ वैदेशिक रोजगारीका सिलसिलामा आठ महिनाअघि क्रोएसिया हुँदै पोर्चुगल आएका थिए । उनीहरु दुबै जना ओडिमिरास्थित एक कृषि कम्पनीमा कार्यरत थिए । मृतक क्षेत्रीको श्रीमती, १ छोरी र ३ छोरा नेपालमा रहेका छन् ।

# एकैसाथ दुई पुस्तक विमोचन

**भक्तपुर/मस-**शिक्षाप्रेमी, भाषाविद्, साहित्यकार एवं मध्यपुरथिमिका संस्कृतिविद् गणेशराम लाछीद्वारा लिखित दुई पुस्तक शनिबार एकैसाथ मध्यपुरथिमिमा विमोचन गरिएको छ । बागमती प्रदेशका कृषि तथा पशुपक्षी विकासमन्त्री डा.राजेन्द्रमान श्रेष्ठले लाछीका दुई पुस्तक 'कर्मयोगी गणेशराम लाछी र बागमती प्रदेशका मूर्त-अमूर्त संगीत'को विमोचन गरेका हुन् ।

विनायक शिक्षा निकेतन, अक्षरमार्ग प्रकाशन, मध्यपुर कला परिषद् र ख्यालिगुलु गुथिले शनिबार संयुक्तरूपमा आयोजना गरेको पुस्तक विमोचन कार्यक्रममा मन्त्री डा. श्रेष्ठले भाषा, साहित्य, गीत, संगीत, कला, संस्कृति देशकै जीवन्त संस्कृति र धरोहर भएकाले यसको संरक्षणमा यस्ता पुस्तक निकै उपयोगी हुने बताए ।

कार्यक्रममा मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले नगरपालिकाले यहाँको सम्पदा, कला, संस्कृति र मूर्त-अमूर्त सम्पदाको संरक्षणमा लागिरहेको बताए । उपप्रमुख विजयकृष्ण श्रेष्ठले मध्यपुरथिमि सम्पदाको सहर भएको चर्चा गर्दै यहाँका कला, संस्कृतिको संरक्षण र पछिल्ला पुस्तालाई जानकारी गराउन यस्ता पुस्तक निकै उपलब्धिमूलक हुने बताए ।

नगरपालिकाका पूर्वप्रमुख मदनसुन्दर श्रेष्ठले मध्यपुरथिमिलाई कला, संस्कृतिको जीवन्त सहरका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै निकै उपलब्धिमूलक दुई पुस्तक र पुराना पुस्ताका अनुभवलाई पछिल्ला पुस्तासम्ममा लैजानुपर्नेमा जोड दिए ।

सो अवसरमा विनायक शिक्षा निकेतनका प्रिन्सिपल सुरेन्द्रविक्रम प्रजापति, अक्षर मार्ग प्रकाशनका सूर्यप्रसाद लाकोजु, सुरेशकिरण मानन्धर, हृदयचन्द्र मिश्रलगायतले लाछीका दुई पुस्तकले मध्यपुरथिमिका कला, संस्कृति, इतिहास, भाषा, गीत, संगीत र सम्पदाको इतिहास भएको चर्चा गर्दै यसले विगतदेखि वर्तमानसम्मका धरोहरलाई जोगाएर राख्ने बताए ।

साहित्यकार, भाषाविद् एवं पुस्तक लेखक लाछीले कला, संस्कृति, साहित्य र सम्पदाको संरक्षण, संवर्द्धनमा आफूले भोगेका र गरेको कार्यलाई प्रस्तुत गरेको बताउनुभयो । दोस्रो पुस्तकमा भने बागमती प्रदेशभरिका मूर्त र अमूर्त गीत-संगीतको संरक्षण गर्ने उद्देश्यले यहाँलाई पुस्तकमार्फत संस्थागत गर्ने प्रयास गरेको बताए ।

मध्यपुरकला परिषद्का अध्यक्ष सन्तकुमार प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा लेखक लाछीको ७५औं जन्मोत्सवको अवसरमा विभिन्न संस्थाले सम्मानपत्र प्रदान गर्दै सम्मान गरेका थिए ।




# आगलागीमा चार जनाको मृत्यु



**बर्दिया/मस-**बर्दियाको गुलरिया नगरपालिका-४ तुलापुरको एक घरमा शुक्रबारराति आगलागी हुँदा चार जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय बर्दियाका अनुसार १८ महिनाका कार्तिक चन्द, ७ वर्षका कृष चन्द, १० वर्षका मानसिं बुढा र ३२ वर्षकी राधा बुढाको मृत्यु भएको हो आगोले पोलेर घाइते भएकी २८ वर्षकी करिष्मा चन्दको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । आगलागीको कारण नखुलेको र त्यससम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०८/१०**

**तामाङ मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.**को मिति २०८०/ ०७/१९ गते सम्पन्न दोश्रो बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरि **मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि. (द नं ३१४८७०)** कायम गर्ने गरि मिति २०८०/०८/०४ गते श्री कम्पनी रजिस्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **PROFILE RECRUITMENT-SOLE PROPRIETORSHIP LLC** शहर : UAE
पूर्व स्वीकृत मिति: २०८०/०८/०९ चलानी नं.: ६०२१०५७८ LT. No.: 295597

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | AED | ने. रु. |  |  |  |  |  |  |  |
| 1. | Building Laborer | 250 | 0 | स. काममा दक्ष | 800 | २८,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदाले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**

Gov. lic. No. 793/065/66

सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474 | 9823614160
9802099412 | 9801117416 | Chitwan: 056598203
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

# ओझेलमा परेका धार्मिकस्थलको संरक्षण जरुरी : जनार्दन शर्मा

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ९ मंसिर

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर ५ मा रहेको बुढुमष्ट क्षेत्र विकास कोष अन्तर्गत दुदिलचौर तिर्थधाममा निर्मित नयाँ मन्दिरको पूर्वमन्त्री एवम् नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले उद्घाटन गरेका छन् ।

संघीय सरकार अन्तर्गत शहरी विकास आयोजना इकाइ सुर्खेतले मन्दिर निर्माणका लागि ५० लाखमा ठेक्का आह्वान गरेकोमा ३८ लाख ठेक्कामा मन्दिर निर्माण गरिएको हो । एक वर्षमा मन्दिर, जग्गेकुण्ड, बलि चढाउने ठाउँ, मन्दिर वरिपरि रेलिङ, फिल्ड र सिंढी निर्माण गरिएको मन्दिर व्यवस्थापनले जनाएको छ ।



१९६५ मा निर्माण भएको मन्दिर रहेकै ठाउँमा नयाँ मन्दिर निर्माण भएको हो । मन्दिर उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री शर्माले जिल्लालाई धार्मिक र पर्यटनसँग जोड्ने योजना अघि बढाएको र त्यही अनुसार मन्दिर निर्माण गरिएको बताए । जिल्लामा रहेको विभिन्न धार्मिक स्थलहरुको प्रचार-प्रसारका साथै ओझेलमा परेका धार्मिकस्थलहरुको संरक्षण गर्नुपर्नेमा उनको जोड थियो ।

रुकुम पश्चिमका सबै ठाउँमा ठूला तथा प्राचिन धार्मिकस्थलहरु रहेको बताउँदै उनले धार्मिकस्थलहरुको संरक्षण गर्नुपर्ने सबैको दायित्व रहेको उल्लेख गरे । मन्दिर उद्घाटन कार्यक्रममा मयुर नाच र पञ्चे बाजा प्रस्तुत गरिएको थियो ।

बुढुमष्ट क्षेत्र विकास कोषका अध्यक्ष ध्रुबराज केसीको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रतिनिधि सभा सदस्य तथा पूर्वमन्त्री शर्माको प्रमुख आतिथ्यता रहेको थियो । त्यस्तै पूर्वनिर्वाचन आयुक्त सुधिरकुमार शाह, प्रदेशसभा सदस्य महेन्द्र केसी, तुलसा मल्ल, कल्यानी खड्का, पूर्वराष्ट्रिय सभा सदस्य ठगेन्द्र प्रकाश पुरी, प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तलगायतको आतिथ्यता रहेको थियो ।

बुढुमष्ट क्षेत्र विकास कोषका सल्लाहकार गोपाल केसीको स्वागत मन्तव्य रहेको कार्यक्रमको सञ्चालन रामप्रसाद केसीले गरेका थिए । उद्घाटन कार्यक्रममा क्षेत्र विकास कोषका सल्लाहकार विपी रिजालले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

## उद्योगमैत्री नीति ल्याउन माग



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट,९ मंसिर

रौतहटका उद्योगी, व्यवसायीहरुले राज्यले साना मझौला उद्योगमैत्री नीति ल्याउन माग गरेका छन् । 'स्वदेशी उत्पादन अभियान, उद्यमीको सम्मान' भन्ने नाराका साथ गौरमा आयोजित नवौं उद्योग दिवसका अवसरमा सहभागी उद्योगी, व्यवसायीहरुले बैंकको चर्को ब्याजदरको कारण र व्यापार व्यवसाय चल्न नसक्दा व्यवसायीहरु आफ्नो पेसा नै छोडेर विदेश पलायन हुने अवस्था आएको बताए । उनीहरुले विदेश पलायन हुन लागेका युवाका लागि नयाँ योजना ल्याई कार्यान्वयन गर्न सके युवाहरु स्वदेशमै स्वरोजगार भइ जीवनयापन गर्न सक्ने पनि बताए ।

घरेलु तथा साना उद्योग कार्यालय रौतहटका अधिकृत जयकान्त झाको अध्यक्षतामा भएको कार्यक्रममा गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र, सरकारी वकिल कार्यालयका प्रमुख बद्री कुमार कार्की, उद्योग वाणिज्य संघका अध्यक्ष पण्डित प्रसाद जयसवाल, वन विज्ञ नन्दलाल राय यादवसहितले उद्योग व्यवसाय क्षेत्रका समस्याका बारेमा मन्तव्य राखेका थिए । कार्यक्रममा जिल्लामा उद्योग, व्यवसाय सञ्चालन गरेका केही सफल उद्योगी, व्यवसायीहरुलाई प्रशंसापत्रसहित सम्मान गरिएको थियो ।

### मोटरसाईकल हरायो

मिति २०८०/०७/१६ गते १५:०० बजेको समयमा रानीबारीमा पार्किङ्ग गरि राखेको बागमती प्रदेश ०२-०४५ प ८०४१ न. को कालो/रातो रङको Pulsar 220cc को मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : बिमला शेर्पा
**ईन्जिन नं.** : DKXCNM37409
**च्यासिस नं.** : MD2A13EX9NCM 83139
**सम्पर्क नं.** : ९८६२०४८२७५

### भूल सुधार

**मिति २०८०/०८/०८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित युएईमा वैदेशिक रोजगारको अवसर शिर्षक, कम्पनीको नाम:** Citizen Security Services, **पूर्व स्वीकृत मिति: २०७८/११/११ गते, चलानी नं: ६०१७४९२८ र** LT No: 258322 **र कम्पनीको नाम:** Citizen Building Cleaning Services Llc, **पूर्व स्वीकृत मिति: २०७८/११/११ गते, चलानी नं: ६०१९६८४८ र** LT No: 281410 **को पुन: विज्ञापनमा अन्तर्वार्ता काठमाडौंमा २०८०/०८/१८ र १९ गते** (4 & 5 December 2023) **हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।**

Golden Achivers International Pvt.Ltd.
Basundhara Chauki Kathmandu, Tel: 01-5914478,01-5919381.
Mobile: 9818261234, 9803552057, 9808752412
Itahari:9819371852, 9827214292, 9820332345
Email: info@goldenach.com, web:www.goldenach.com


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL TANMYAH SERVICES L.L.C.** **शहर: UAE, Abu Dhabi**
पूर्व स्वीकृत मिति: २०८०/०२/१४ चलानी नं.:६०२०२७९६ L.T. No.: 287440 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 36 | 142 | सम्बन्धित काममा दक्ष | 900 | ३२,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard - SIRA | 181 | 50 | | 1200 | ४३,४८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

AKP Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196

## बहराइनमा रोजगारको अवसर ।

**कम्पनी: CARTOONI PACKAGING** **शहर: MANAMA**
पूर्व स्वीकृत मिति:२०८०/०८/०८ चलानी नं.: ६०२१०५७५ L.T. No.: 295554

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 10 | 0 | स. काममा दक्ष | 120 | ५१,८०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1140/073/074
**Al Raas Recruitment Services Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal Tel : 01-4375437
Email : alraasreception@gmail.com, alraasrecruitment@gmail.com

## साउदीमा रोजगार ।

**कम्पनी : INTERNATIONAL FACTORY FOR INDUSTRY** **शहर: RIYADH**
पूर्व स्वीकृत मिति: २०८०/०८/०८ चलानी नं.: ६०२१०५६९ LT. No.:295521

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Product Sorter | 4 | 0 | स. काममा दक्ष | 1200 | ४२,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com
श्रम ईजाजत नं.: ३९१/०५९/०६०

## साउदीमा वैदेशिक रोजगार अवसर

**१. कम्पनी: AXIS INSPECTION COMPANY LIMITED** **शहर: RIYADH**
पूर्व स्वीकृत मिति: २०८०/०८/०८ चलानी नं.: ६०२१०५६४ L.T. No.:295578

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | HEAVY TRUCK DRIVER | 8 | 0 | | 1800 | ६३,८८२ | | | | | | | |
| 3. | Office and Facility Cleaning Worker | 25 | 0 | | 1000 | ३५,४९० | | | | | | | |

**अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर, जनकपुर धनुषामा मिति २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।**

**२. कम्पनी: CONSTRUCTION AND SPECIALIZED SYSTEM COMPANY** **शहर: JUBAIL**
पूर्व स्वीकृत मिति: २०८०/०८/०८ चलानी नं.: ६०२१०५६३ L.T. No.:295577

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Water Well Lining Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Oil And Gas Well Liner Worker | 8 | 0 | | 1000 | ३५,४९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।**

**३. कम्पनी: INJAZ CIVIL SERVICES CO. LTD** **शहर: DAMMAM**
पूर्व स्वीकृत मिति: २०८०/०८/०८ चलानी नं.: ६०२१०५६२ L.T. No.:295575

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।**

**४. कम्पनी: PETRO JANA GENERAL CONTRACTING EST** **शहर: DAMMAM**
पूर्व स्वीकृत मिति: २०८०/०८/०९ चलानी नं.: ६०२१०५६८ L.T. No.:295576

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 6 | 0 | | 1000 | ३५,४९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १७ गते (3 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.: 01-4988808/ 01-4988866
मोबाइल नं. 9810201278/9801001144
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२


## सूची दर्ता गराउने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०८/१० आइतबार)**

यस श्री संजय साई सेवा अर्गनाईजेसन नेपालको पनौतीमा निर्माण हुन गैरहेको श्री संजय साई अन्तर्राष्ट्रिय साधना केन्द्रलाई आ.व. २०८०/०८१ मा आवश्यक पर्ने तपसिल विवरणमा उल्लेखित सामान तथा सेवाहरु आर्थिक बर्षभित्र निर्माण, आपूर्ति तथा मर्मत गर्ने प्रयोजनको लागि सम्बन्धित विषयहरुको कारोबार गर्न स्वीकृति प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुको सूची दर्ता गराउनु पर्ने भएकोले निर्माण आपूर्ति गर्ने सामान एवं सेवाहरुको विवरण, फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (Pan) दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर (Vat), दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली र विगत वर्षहरुमा अन्य संघ/संस्थामा कार्य गरेको अनुभव प्राप्त प्रमाणपत्रको प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिको ७ (सात) दिनभित्र प्रत्येक समुहको लागि छुट्टाछुट्टै विवरण खुलाइएको निवेदन सहित यस संस्थाको मुख्य कार्यालयको प्रशासन विभागमा दर्ता गराउन आहवान गरिन्छ ।

**आपुर्ति गर्नुपर्ने सामानहरु तथा उपलब्ध गराउनुपर्ने सेवाहरु :**

**समूह क निर्माण को सामाग्री आपूर्ति**
- Fe-500 TMT Bar
- OPC/PPC Cement
- Soil/Sand/Aggregate/Bricks/ EPS Block etc.
- Chemicals/Admixtures
- Kitchenware र sanitary ware , प्लम्बिङ्ग
- तथा अन्य सामान आपूर्ति ।

**समूह ख कार्यालय उपकरण**
- प्रिन्टर,फ्याक्स, स्क्यानर, फोटोकपी, मेशिनको आपूर्ति तथा मर्मत ।
- प्रिन्टर टोनर रिफिल तथा कार्टेज आपुर्ति ।
  Electrical,AC, HVAC work आपूर्ति तथा मर्मत ।
- Internet, Ethernet सेवा आपूर्ति ।

**समुह ग कम्प्युटर उपकरण,** IT Accessories

**समूह घ फर्निचर तथा मर्मत**
- धातु तथा काठका फर्निचर,झ्याल ढोका, पार्केटिंग
- आल्मुनियम पार्टेसन, झ्याल ढोका, पी.भी.सी.पार्टेसन, मर्मत सम्भार समेत कार्य गर्ने ।
- अन्य फर्निचर (ताला, हेण्डिल, डोर क्लोजर) ।

**समुह ङ कार्यालय सामाग्री**

**समुह च अन्य**
- नयाँ निर्माण तथा भवन मर्मत गर्ने ठेकेदार ।
- डिजाईनिङ्ग सर्वेक्षण लगायत परामर्श सम्बन्धी कार्य ।

**विविध परामर्श सेवा**

सम्पर्क : ९८५११७६४८८, ९८५१०३८५१३,
इमेल : **saiashramnepal@gmail.com**

**अन्य जानकारीहरु :**
- निवेदकहरु मध्येबाट निश्चित मापदण्डका आधारमा योग्य ठहरिएका बिक्रेता, फर्म वा कम्पनीहरुलाई मात्र सुचिकृत गरिनेछ ।
- सूचिकृत दर्ताको समयमा आवश्यक सम्पूर्ण कागजात अनुभवको प्रमाणपत्रको प्रतिलिपी तथा अन्य कागजातको प्रमाणित प्रतिलिपी पेश गनुपर्नेछ ।
- सूचिकृतमा पर्ने फर्महरुको सूचिकृत भएको जानकारी यस संस्थाको सूचना पाटीमा राखिनेछ ।
- सूचिकृत भएका बिक्रेता, फर्म वा कम्पनीले सन्तोषजनक सेवा तथा समयमा सामान आपूर्ति नगरेको खण्डमा सूचीबाट बिना सूचना नाम हटाउन सकिनेछ । यस उपर कुनै दाबी बिरोध गर्न पाइने छैन । सूचिकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।
- यस सम्बन्धी थप जानकारी आवश्यक परेमा यस संस्थाको मुख्य कार्यालयको प्रशासन विभागमा सम्पर्क राख्न सकिनेछ ।

**समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवम दिगो शैक्षिक पुर्वाधार**

## श्री शारदा माध्यमिक विद्यालय प्याउली

**अरुण गाउँपालिका-३, प्याउली, भोजपुर**
**कोशी प्रदेश, नेपाल**
**स्था :-२००९**

### आशयको सूचना

**(प्रकाशित मिति :२०८०/०८/१०)**

प्रस्तुत सन्दर्भमा यस कार्यालयबाट मिति २०८०/०६/२४ गतेको प्रकाशित सूचना बमोजिम ठेक्का न. SSSS/NCB/WORKS/2080/081–1, 'Shree Sharada Secondary School Namuna Building Finishing Works' कार्यको लागि E– Bidding मार्फत पेश हुन आएका बोलपत्रहरुबाट मूल्यांकन गर्दा तपशिल बमोजिमको फर्मले कबोल गरेको रकम सबै भन्दा घटी भएको र मूल्यमा तात्विक फरक नपरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को १ बमोजिम तपसिलको फर्मले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ बमोजिम कार्य प्रकिया अगाडी बढाउन ७ दिने आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरेको व्यहोरा अनुरोध छ ।

| सि. न. | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम/ठेगाना | कबोल रकम जम्मा (भ्याट समेत) | लागत अनुमान भन्दा घटि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | Shree Sharada Secondary School Namuna Building Finishing Works | SSSS/NCB/WORKS /2080/081-1 | 'Anshu Nirman Sewa, Bhojpur' | रु ६५,१६,६६८.०४ | ३२.१२% |

**प्रधानाध्यापक**

## शिव सताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय

**व्याङ्डाडा, झापा**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मिति २०८०/८/१० गते**

यस कार्यालयबाट ठेक्का नं. 09/SM/NCB/Meds/2080/081 Supply and delivery of Medicine and Surgical Items सम्बन्धमा राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा पेश भएको बोलपत्रहरुमध्ये यस कार्यालयको निर्णयानुसार देहाय बमोजिमको बोलपत्रदाताको बोलपत्र 'सारभूतरुपमा प्रभावग्राही' ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्कानं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| 09/SM/NCB/ Meds/2080/081 | Supplya and delivery of Medicine and Surgical Items | Medigold International Pvt Ltd, Midthimi-01 | 29,18,197.0 |




## सम्पादकीय

# जानुपर्ने जाजरकोट

देशभर अत्याधिक चिसो बढेर गएको छ । मधेशका जिल्लाहरूमा शितलहर र उच्च पहाडी एवम् हिमाली जिल्लाहरूमा हिमपातको संभावना बढेर गएको छ । हिउँदको चिसो बढिरहँदा सवैभन्दा धेरै पीडा भने भूकम्प पीडित परिवारलाई परेको छ । गएको १७ असोजमा गएको भूकम्पबाट खुला आकाश मुनि अहिले ३५ हजार बढी परिवार छन् । घर भत्किएपछि त्रिपाल टाँगेर बसिरहेकाहरूलाई चिसोले सताउँदा कम्तिमा आठ जनाको मृत्यु भइसकेको छ । चिसोले बालबालिका र बृद्धबृद्धालाई विशेषगरी चिसोले सताएको छ । सुत्केरी महिला र शिशु दुवैलाई चिसोले ज्वरो र निमोनियाको समस्या देखिने गरेको छ । तर अस्थायी टहरा निर्माण कार्यले गति लिने सकेको छैन ।

प्रमुख दलहरूले अस्थायी टहरा निर्माण गर्न आ-आफ्नातर्फ टोली खटाएका छन् । तर पुनर्निर्माणमा खटिएका दलहरूको स्वयम् सेवक टोली सानो छ भने भत्किएका घरहरूको संख्या असाध्यै ठूलो छ । तसर्थ स्वयम् सेवकहरूको टोलीले पुनर्निर्माणमा गर्ने टहराको संख्याले भूकम्प पीडितहरूको असाध्यै सानो संख्याले मात्रै लाभ पाउने देखिन्छ । अर्थात् भूकम्प पीडितहरूले यो हिउँद त्रिपालमै काट्नुपर्ने प्रष्ट संकेतहरू देखिदैछन् । किनकि सरकारी संयन्त्रबाट अस्थायी टहरा निर्माणमा व्यवस्थित र भरपर्दो प्रयत्न हुने संभावना कमै छ । तर सामाजिक संघसंस्था र राजनीतिक दलहरूको पहलकदमी प्रभावकारी हुन सक्छ । अझ मुख्य राजनीतिक दलहरूले दिने सन्देश महत्वपूर्ण हुन्छ । उनीहरूको अपिलले अरू सामाजिक संघसंस्थालाई पनि प्रोत्साहित गर्न सक्छ ।

तर जाजरकोट केन्द्र भएर १५६ जनाको ज्यान जानेगरी गएको भूकम्प पीडितहरूको सहयोगमा जुट्नुको साटो मुख्य दलहरू एउटा स्वयम् सेवक टोली परिचालित गरेर पन्छिएको छ । बरू दलहरू काठमाडौं केन्द्रीत प्रदर्शनको भूमरीमा फसेका छन् । ब्यापारी दुर्गा प्रसाईँले राजतन्त्र फर्काउने घोषणासहित प्रदर्शन थालेपछि प्रमुख प्रतिपक्षी नेकपा एमालेले प्रतिवादमा ठूलो आन्दोलन चर्काउने भनिरहेका छन् । बिहीबार युवा तथा विद्यार्थीलाई राजधानी तिनकुनेमा प्रतिवाद प्रदर्शन गरे । प्रसाईँले राजतन्त्र नफर्काएसम्म आन्दोलन नरोक्ने भनिरहेका छन् । प्रसाईँको गतिविधि रोक्नेगरी सत्तारूढ दल र सरकारी संयन्त्र पनि परिचालित छन् । राजधानी उपत्यकामा सुरक्षाकर्मीको उपस्थिति समेत बाक्लो बनाइएको छ । आमसर्वसाधरणमा जाजरकोटका पीडितहरूको चिन्ता भन्दा पनि राजतन्त्र फर्काउने र अहिलेकै व्यवस्था जोगाउने बहस भइरहेको छ । तर मुलुकको ध्यान जानुपर्ने चाहिँ राजधानी उपत्यकाको प्रदर्शन नभएर जाजरकोटका भूकम्प पीडितहरूमै हो । जानुपर्ने बानेश्वर होइन, जाजरकोट नै हो ।

# लैंगिक हिंसाविरुद्धको अभियान र यथार्थता

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

### पृष्ठभूमि

नोभेम्बर २५ लैंगिक हिंसाविरुद्धको दिवस । मार्ग ९ देखि १६ दिने लैंगिक हिंसाविरुद्धको अभियान चलिरहेको छ । त्यसो त विश्वमा सन् १९८० देखि नै यस्तो आवाज उठेको हो तर, सन् १९९१ देखि मात्र यो अभियानले विश्वव्यापीरूपमा मान्यता पाएको हो । नेपालको संविधानको धारा ३८ मा मौलिक हकको व्यवस्थाअन्तर्गत महिला लैंगिक भेदभावरहित र समानताको सिद्धान्तलाई अंगीकार गरेको छ । महिलाविरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्ने महासन्धि १९७९ को पक्ष राष्ट्र हो हाम्रो देश ।

सन् २०१७ को निर्वाचनमा स्थानीय तहमा ४१ प्रतिशत, प्रदेशस्तरमा ३४ दशमलव ५ प्रतिशत, संघमा ३३ दशमलव ५ प्रतिशत महिलाहरूको उपस्थिति रहेको थियो । तीन तहमा जनप्रतिनिधि नै १४ हजार ६ सयभन्दा बढीको संख्या रह्यो । ०७९ वैशाखको स्थानीय चुनावबाट पनि महिलाहरूको उल्लेखनीय सहभागिता देखिएको हो तर, ०७९ मंसिर ४ को आम चुनावमा दलहरूले महिलाहरूलाई उम्मेदवारी दिन कन्जुस्याइँ गरे, चुनाव परिणाममा केही हदसम्म महिलाहरूको उपस्थिति देखिएको हो, तर समानुपातिकमा भने केही सहभागिता बन्यो । गत सालको नारामा महिला मात्र नभनेर किशोरी भन्ने शब्द परेको थियो, भनौं धेरै किशोरीहरू बलात्कृत भएका धेरै यस्तो हिंसामा परेका देखिएकाले यसो भएको हुन सक्छ । किशोरी बलात्कृत हुने वातावरणमा सुधार आएको छैन र आत्महत्यामा पनि । महिलाहरूको निर्णायक तहमा उल्लेखनीय उपस्थिति छ, तर पनि हाम्रो पितृसत्तात्मक सोचमा परिवर्तन आएको छैन, गरीब र मजदुर, किशोरीहरूमा अमानवीय व्यवहार, बलात्कारका घटनामा कमी आएको पाइन्न । समग्रमा ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक पाटो र वर्तमानको यथार्थ हेर्दा यौन हिंसामा कमी आएको छैन ।

### कानूनी प्रावधान

देशको संविधानले लैंगिक भेदभाव नगर्ने भन्दै समान वंशीहरू, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धित हकको व्यवस्था, राज्यमा सबै निकायमा समानुपातिक, समावेशी सिद्धान्तका आधारमा जाति, धर्म, लिङ्गमा कुनै भेदभाव नगर्ने भनेको छ । अन्य नियम प्रावधानहरूमा घरेलु हिंसा, कसुर र सजायँ ऐन २०६६, त्यसको नियमावली २०६७, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१, बोक्सी आरोप कसूर सजायँ ऐन २०७२, लैंगिक हिंसा कोष सञ्चालन नियमावली २०६७, एकल महिला कोष सञ्चालन मापदण्ड २०७१, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण आचार संहिता २०७४, मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ र त्यसको नियमावली २०६५ आदि ऐन नियमहरू कार्यान्वयनमा छन् । र, पनि देशमा कुरीति, कुप्रथा, बोक्सी, छाउपडी, दाइजो, बालविवाह, बलात्कार, हत्या, एसिड आक्रमण धेरै घटनाहरू दोहोरिने गरेका छन् । हाल चलिरहेको जनविरोध काठमाडौं आएका महिलाहरूलाई रातमा सुतेका कोठामा पार्टी प्यालेसमा अभद्र व्यवहार गरेका भिडियोहरू युट्युब, सामाजिक सञ्जालहरूमा भाइरल भइरहेका छन्, त्यो पनि दल आबद्ध भ्रातृ संगठनहरूको नाममा ।

### सहभागितामा उत्साह

जनगणना ०७८ अनुसार महिलाको संख्या देशमा ५० प्रतिशतभन्दा बढी छ । निजामती सेवा ऐन दोस्रो संशोधन २०६४ ले महिलाहरूलाई समावेशी गराउने प्रावधान तय गऱ्यो जसअनुसार सो ऐनको दफा ७ (७) अनुसार निजामती सेवालाई समावेशी बनाई खुल्लाबाट पदपूर्ति हुनेमध्ये ४५ प्रतिशत छुट्याइ सो प्रतिशतलाई शत प्रतिशत मान्दै त्यसमा महिला ३३, आदिवासी तथा जनजाति २७, मधेशी २२, दलित ९, अपाङ्ग ५ र पिछडिएका क्षेत्रलाई ४ प्रतिशत हुनेगरि प्रतिस्पर्धा गराइएको व्यवस्था छ । यस क्रममा विगत तथ्यांक हेर्दा १५ वर्षमा हजारौं महिलाहरू सरकारी कोटामा पुगेका देखिन्छन् ।



> हामीले चाहेको जीवन सञ्चालनदेखि सम्पूर्ण जगत् सञ्चालनमा नारीको हक, हित, संरक्षण गर्न सके हामीले हाम्रै सम्मान गरेको ठहर्छ । नारीमा अपार शक्ति छ, संसार हांक्ने नारी मुलुकका राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्म पनि बनेका उदाहरण छन् । नारीलाई अवसरको आवश्यकता छ, उनीहरू आफैँ योग्य छन्, योग्यता दर्शाउन आफैँ सक्षम छन् । दिवसमा बहस मात्रै व्यवहारमा कार्यान्वयन परिपाटी आवश्यक छ ।

### नारीको सम्मान

पूर्वीय संस्कारमा नारीलाई देवी मान्ने, दसैंभरि शक्तिको रूपमा पूजा गर्ने, तीजमा उनीहरूको पूर्ण सम्मान, आमा खुवाउने औंसी भन्दै पूजा गर्ने र हरेक पूजाआजाको काम प्राय: महिलाहरूबाटै हुने र प्रार्थनामा पहिले 'त्वमेव माता' भन्ने चलन छ, भनौं पहिलो श्रेणीमा छन् नारीहरू । हामीले चाहेको जीवन सञ्चालनदेखि सम्पूर्ण जगत् सञ्चालनमा नारीको हक, हित, संरक्षण गर्न सके हामीले हाम्रै सम्मान गरेको ठहर्छ । नारीमा अपार शक्ति छ, संसार हाँक्ने नारी मुलुकका राष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्म पनि बनेका उदाहरण छन् । नारीलाई अवसरको आवश्यकता छ, उनीहरू आफै योग्य छन्, योग्यता दर्साउन आफैँ सक्दछन् ।

प्रजातन्त्रको जननी देश बेलायत, अमेरिका, विकसित देश अष्ट्रेलिया, स्विट्जरल्याण्ड, जर्मनी, क्यानडा, नेदरल्याण्डस् तुलना गर्दा पनि नेपालका नारीहरूले जनप्रतिनिधित्वका दृष्टिले अग्रणी स्थान ओगटेका छन् । विश्वको १९२ देशको पछिल्लो तथ्यांकअनुसार महिलाको प्रतिनिधित्वकै हिसाबले नेपाल ३७ औं स्थानमा छ । नेपालको संविधानले महिलाको प्रतिनिधित्व ३३ प्रतिशतको सुनिश्चित गरेको छ । अर्थात् संघीय एवम् प्रदेश संसदमा एक तिहाईको परिकल्पना गरेको छ । ठूला पद राष्ट्रपति, प्रधानन्यायाधीशसम्म महिला भएकै हुन् । पार्टीहरूले पालिकाहरूका लागि प्रमुख वा उपप्रमुखको उम्मेदवारी दिँदा दुई पदमध्ये एक पदमा अनिवार्य महिला हुनुपर्ने प्रावधान छ । निजामती सेवाको ४५ प्रतिशत आरक्षणमा ३३ प्रतिशत महिलाकै लागि छुट्याइएको छ । यति भन्दैमा हामीकहाँ महिलाको स्थान साह्रै उच्च छ भन्ने चाहिँ होइन । बोक्सी भनी सताइने, कम दाइजो भनी सताइने, छाउपडीको सकस, लगभग एक दिनमा छ/सात जनासम्म खुल्ला बलात्कृत हुने अवस्था, पद धरापमा परेको, यी यस्ता घटना हामीकहाँ बग्रेल्ती छन् । अघिल्लो आमचुनाव वि.सं. २०७४ को प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनतर्फ पनि देशैभरी झण्डै दुई हजार जनाले उम्मेदवारी दिँदा महिला उम्मेदवार सात दशमलव चार प्रतिशत मात्र हुनु, यसमा विजयी सिट १६५ मा केवल छ वटा सिट मात्रै महिलाले विजय पाउनु यी विगतका कुराले भने महिला उत्थानको कम प्रयास भन्नुपर्छ ।

### हाम्रो यथार्थ

देशमा धर्म हराएको भान हुँदैछ । बालिकाहरू बलात्कारमा छन् । निर्मलाको घटना नसेलाउँदै बझाङकी सम्झना, बैतडीकी भागीरथीको हत्याको घटनाले देशमा सनसनी छाएको थियो गीतमा । प्रहरी सूचनामा दिनमा छ/सात जना छोरी, बहिनीहरू बलात्कारको शिकारमा छन् । समस्या थपिएपछि मात्र घटना बाहिर आउँछ, नभए घरभित्रै घटनाहरू सेलाउँछन् । प्रहरीको सूचनामा आएका केशहरू आ.व ०७५/०७६ मा दुई हजार पाँच सय ७०, आ व ०७६/०७७मा दुई हजार चार सय ४९ जना बलात्कारमा परे । बर्दिया राजापुरबाट १९ वर्षीय किशोरीलाई नै यौन पिपासु सशस्त्र प्रहरीले जबर्जस्ती करणी गरेको घटना देखियो । दिदी, बहिनी आफ्नै हाडनातामा करणीमा पर्ने गरेका छन्, बाबु, काका, दाजु, मामा, ससुरा, छिमेकी, नचिनेका व्यक्ति, पारपाचुके भइसकेका श्रीमान्, घर मालिक, शिक्षक, केटा साथी, आफ्नै भिनाजुबाट यौन अपेक्षा गर्दा कोही संरक्षित नभएको स्पष्ट हुन्छ । कुरा मिलुन्जेल केही नभन्ने जब गर्भ रहेमा, कुरा बाहिर फुस्केमा घटना बाहिर आउने गरेको पाइन्छ । तर, पनि अमेरिकामा भन्दा हामीकहाँ किशोरीहरू बलात्कार हुने संख्या कम देखिन्छ । साँच्चै अमेरिकामा प्रति सात मिनेटमा एक किशोरीको बलात्कार हुँदोरहेछ । त्यसो त त्यहाँ पारपाचुके दर पनि धेरै छ ।

### समाजको स्वरूप डरलाग्दो

समाजमा वयस्क अपराधीहरू पनि नभएका होइनन् । १८ वर्ष मुनिका नाबालक ७७४ जना बाल सुधार गृहमा रहेको तथ्यांक प्रकाशित भएको थियो विगतमा । नाबालक अपराधीलाई जेलको प्रावधान छैन, तिनीहरूलाई सुधार गृह र अपराधको आधा सजायको कानूनी व्यवस्था छ देशमा, यसैमा परेको थियो भागीरथीको अपराधी १६ वर्षको कलिलो केटो । संघीयता कार्यान्वयनसँगै आ व ०७५/०७६ मा दुई हजार २३० वटा बलात्कार घटनामा दुई हजार २२७ जना पक्राउ परेकामध्ये एक हजार ३२५ जना त २५ वर्ष उमेर मुनिकै थिए भने तीमध्ये २९ जना नाबालक थिए । आ.व. ०७६/०७७ मा दुई १३४ मुद्दामा दुई ४५० जना पक्राउ परेकामा एक ३०६ जना त २५ वर्ष तलका र नाबालक ३४० जना देखिन्थे ।

तीन वर्ष अघिसम्मको तथ्यांक हेर्दा एक २६० मुद्दामा एक ४२७ जना पक्राउ पर्नेमध्ये १६७ जना नाबालक थिए । प्रहरीको अभिलेखमा अघिल्लो तीन वर्षमा मात्रै पाँच हजार ६३४ जना बलात्कृत भएका थिए, १६ जनाको हत्या भएको र एक दिनमा औसत सात जना बलात्कृत भएका थिए । बलात्कृत हुनेमा पाँच वर्षकी बालिकादेखि वृद्धासम्म पनि छन् । यसले हाम्रो समाजको स्वरूप डरलाग्दो देखाउँछ । व्यवस्था परिवर्तनसँगै समाज आवश्यकभन्दा बढी खुल्ला भएको छ, हरेक विषयमा, भ्रष्टाचारमा त अब्बल नै भइसकेको छ । यो व्यवस्थाप्रति आम वितृष्णा छ अहिले र सडकमा ठूलै जनप्रदर्शन पनि भइराखेको छ । मार्ग ७ को बल्खु प्रदर्शन र त्यस अघिका सडक नाराहरू र मार्ग ८ को भक्तपुर सडक अवरोधमाबाट सायद कोही अनभिज्ञ छैनन् । जामर भेहिकलको प्रयोग, अश्रु ग्यास, लाठीचार्ज गरेर पनि गणतन्त्र चलाउने प्रयास सायद अरु देशमा छैन होला । हामी हरेक वर्ष नारामा सिमित हुने होइन किन्तु व्यवहारमा पनि उत्रिनु बेस हुन्छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

प्रसाइँको प्रदर्शन कुनै आन्दोलन हैन, एक प्रकारको 'फन्टुसगिरी' वा 'हाहाहुहू' थियो । त्यस्तासँग एमाले, ओली र बस्नेत तथा प्रचण्ड-देउवा-माकुने आदिको सरकार यति डराउँदो रहेछ, लोकतन्त्रका सारा मान्यता र मर्यादा नाघ्दो रहेछ, जनताले साँच्चै आन्दोलन गरे यी कुन हदसम्म गिर्ने वा दमनमा उर्तीने रैछन् त ?



**- ओमकुमार थापा**

दुर्गा प्रसाई मेडिकल व्यवसाय धराशायी हुने भएपछि कहिले माओवादी त कहिले एमाले चहार्दा पनि उपाय ननिस्किएपछि बैंक पीडितहरूको नारा लगाएर राजतन्त्र फर्काउने असम्भव यात्रामा लागेका छन् । पहिले प्रयोग गरिएका दुर्गा प्रसाई अहिले सत्ताधारी र प्रतिपक्षी दुवैलाई भालुको कन्पारो बन्दैछन् ।



**- भिमार्जुन आचार्य**

शान्तिपूर्वक भेला हुने र विरोध गर्ने स्वतन्त्रता संविधानले नै ग्यारेन्टी गरेको हक हो । कसैले निषेधित काम गर्छ भने जवाफदेही बनाउन सकिन्छ । तर, प्रहरी घेरामा कसैलाई घरभित्रै बन्धक बनाउनु लोकतन्त्रकै उपहास हो । फेरि तपाईंहरूको यो लुटतन्त्र चुनावसम्म त सुरक्षित नै छ, किन यति अतालिएको ?




**- सुर्यराज आचार्य**

सत्ताको कुर्सीमा बस्नेहरू बेलैमा आफ्नै असल कार्यकर्ता तथा आमजनतासँग डराउनु पर्थ्यो। डराएनन् ! अहिले विवादास्पद एक्लो व्यक्ति दुर्गा प्रसाईंसँग सरकार थर्कमान बनेको छ । डरले थरथर कामेको छ । अझ अचम्मको कुरा, बित्थामा सिँगौरी खेल्न पुगेको प्रमुख प्रतिपक्ष एमाले सिङ्ग फुक्ले जस्तो बनेको छ ।

# अपारदर्शी लेनदेन र राजनीति

टिप्पणी



● सन्दीप पनेरू

> नेपाली कांग्रेस होस् वा माओवादी केन्द्र वा अहिलेको राष्ट्रिय स्वतन्त्र पार्टी नै किन नहोस्, विवादरहित छैनन् । समाजले दुत्कारेका पात्रलाई अनेकन स्वार्थमा पार्टीमा भित्र्याइएका घटना छरप्रष्ट छन् । दुर्भाग्य, नेपाली राजनीतिमा यस्ता पात्रको वाहवाही बढ्दो छ ।

राजनीतिमा जे पनि जायज हुन्छ भन्ने भाष्य ठूला मानिएका पार्टीहरूको संस्कारले स्पष्ट पार्छ । हुनत् राजनीतिमा स्थायी मित्र र शत्रु हुँदैन भन्ने भाष्य स्थापित छ । अनुकुलनअनुसार जो-जसको मित्र र शत्रु पनि बन्न सक्छ भनिएको छ । राजनीतिमा सबै हिसाब-किताबका आधारमा निर्णय लिइन्छ ।

अघिल्लो चुनावमा एमालेको नारा थियो, 'पप्पूलाई समायो, लुट्ने र ठग्नेलाई ठेगान लगायो, त्यसैले एमालेलाई भोट !' एमालेले चुनाव प्रचार सामाग्रीमै उद्घाटन लगत्तै भत्किएको पप्पुको पुलको तस्बिरलाई समेटेको थियो । जुन 'केपी बा' भन्ने चुनावी गीतमा पनि पाइन्छ । तर, अहिलेको राजनीति फेरिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले 'देशले चिन्न नसकेको एक अद्भुत' भन्दै पप्पुलाई फुल/मालासहित पार्टीमा भित्र्याएका छन् । विगतमा आफ्नै दस्तावेज र भाषणमा पप्पुलाई गाली र आज ताली हुँदा एमालेको एउटा पंक्ति भने लज्जाबोध गर्ने अवस्थामा पुगेको देखिन्छ । कतिपयले रुन्चे शैलीमै भएपनि विरोध जनाएका छन् ।

कुनै दलमा कुनै पात्रलाई प्रवेश गराउने वा कारबाही गर्ने विषयलाई महत्वपूर्ण मानेर चर्चा गरिनु वान्छनीय होइन तथापी, देशको नेतृत्व तहमा रहेको दलको शैलीप्रति भने प्रश्न उठ्नु र उठाउनु अनिवार्य हुन्छ । यहाँ एक अमुक पप्पुको विषय मात्रै नभई पप्पुले गरेको कामलाई हेरिनुपर्छ । उनले के-कति भ्रष्टाचार गरेका छन्, उनले के-कति सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेका छन्, उनीविरुद्ध के-कति र कस्ता प्रकृतिका मुद्दा छन्, जस्ता विषयलाई नजरअन्दाज गर्न मिल्दैन । ओली र एमालेको शैलीले हाकाहाकी त्यस्ता कु-पात्रलाई प्रोत्साहन गरेको देखाउँछ । समाजमा जे गरेपनि संरक्षण पाइँदो रहेछ भन्ने अभ्यास सिकाउँछ । सन्दर्भ पप्पुको चलेको कारण ओली र एमालेबारे टिप्पणी भयो तर, अन्य दल र नेतृत्वमा पनि शैली उस्तै छ । केही आर्थिक सहयोग गरेकै खण्डमा पार्टीमा भित्र्याउने र जिम्मेवारीमै लग्ने परम्परा विद्यमान देखिन्छ । दल तथा तीनका नेताहरूले पात्रको पृष्ठभूमिलाई हेरेको देखिन्न ।



नेपाली कांग्रेस होस् वा माओवादी केन्द्र वा अहिलेको राष्ट्रिय स्वतन्त्र पार्टी नै किन नहोस् विवादरहित छैनन् । समाजले दुत्कारेका पात्रलाई अनेकन स्वार्थमा पार्टीमा भित्र्याइएका घटना छरप्रष्ट छन् । ल्यारलाक लामा माओवादी केन्द्रमाथि प्रश्न बनिरहेका पात्र हुन् भने अफ्ताब आलम, टेकबहादुर गुरुङ्ग, गणेश लामालगायत पात्र कांग्रेसमाथि प्रश्न उठाउने पात्र हुन् ।

दुर्भाग्य, नेपाली राजनीतिमा यस्ता पात्रको वाहवाही बढ्दो छ । हुन त पार्टी सञ्चालन गर्न पनि ठेकेदार, व्यवसायी अनि दलाल नभइ नहुने परिस्थिति बनाइएको छ । आज सबैजसो पार्टीको आर्थिक व्यवस्थापकीय पाटो नै त्यस्ता पात्रले सम्हालेका छन् । आज चुनावमा एक उम्मेदवारकै निम्ति एक करोड खर्चले नहुने परिस्थिति बनाइएको छ । चुनावअघि टिकट, टिकटपछि प्रचार र जितपछि फेरि नियुक्ती हुन खर्च, अनौठो लेनदेनपूर्ण संगतिको विकास गराएको छ । करोडमा टिकट बिक्री भएका, मन्त्री हुन करोड बुझाएका घटना छरप्रष्ट नै छन् । रास्वपाका ढाकाकुमार श्रेष्ठको 'करोड काण्ड' अझै पनि विचाराधिन अवस्थामै छ ।

## तपाईंको राशिफल

- मेष : व्यापारिक कार्यमा प्रगति हुनेछ । प्रभाव बढ्नेछ ।
- वृष : पारिवारिक सहयोग राम्रो रहनेछ । जोखिम भएको काम गर्नु हुँदैन ।
- मिथुन : सभा समारोहमा सहभागी हुनुपर्नेछ । नयाँ सम्बन्ध बन्नेछ ।
- कर्कट : भाइ-बहिनीको सहयोग प्राप्त हुनेछ । अनावश्यक खर्चको योग छ ।
- सिंह : बाहन चलाउँदा सावधानी राख्नुपर्छ । स्वास्थ्य लाभको योग छ ।
- कन्या : घरेलू कार्यमा अनावश्यक खर्चको योग छ । पुरानो कार्य बन्नेछ ।
- तुला : जिद्दी स्वभावको विकास हुनेछ । अशान्तिको कारण तनाव हुनेछ ।
- वृश्चिक : लामो यात्राको योग छ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।
- धनु : नौलो मित्र बन्नेछ । मनोबल उच्च रहनेछ ।
- मकर : यात्रा सफल हुनेछ । सभा समारोहमा सहभागी हुनुपर्नेछ ।
- कुम्भ : स्थान परिवर्तन हुने योग छ । शत्रु परास्त हुनेछ ।
- मीन : अनावश्यक कार्यमा समय नष्ट हुनेछ । स्वास्थ्य राम्रो हुनेछ ।



आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# मधेशका ४३ प्रतिशत किसान परिवारलाई खाना अपुग

**जनकपुरधाम/मस**-अन्नभण्डारका रूपमा रहेको मधेश प्रदेशमा कृषिकर्म गर्नेमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको छ ।

राष्ट्रिय कृषि गणना-२०७८ अनुसार मधेशमा सात लाख ३८ हजार तीन सय ४० कृषक परिवारमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान नपुग्ने गरेको पाइएको हो ।

नेपालको कूल जनसंख्यामध्ये ६१ लख १४ हजार छ सय जनसंख्या अर्थात् ११ लाख ५६ हजार सात सय १५ परिवार बसोबास गर्ने यस प्रदेशमा सात लाख ३८ हजार तीन सय ४० अर्थात् ६३ दशमलव ८ प्रतिशत परिवार कृषक रहेका तथ्यांकमा उल्लेख गरिएको छ ।

प्रदेशका आठ जिल्लामा छरिएर रहेका ती कृषक परिवारले चार लाख ९२ हजार चार सय ९७ हेक्टरमा कृषिकार्य गर्ने गरेकामा ५७ प्रतिशतलाई मात्रै आफ्नै कृषि उत्पादनले वर्षैभरि खान पुग्ने गरेको कृषि गणना २०७८ मा उल्लेख गरिएको छ ।

तथ्यांकले अधिकांश कृषक परिवारले जीवन निर्वाहका लागि मात्रै कृषि कर्म गर्ने गरेको देखाएको छ । जसअनुसार कृषि उत्पादनको हिस्सामध्ये १ दशमलव ८ प्रतिशत मात्रै बिक्री गर्ने गरिएको र त्यसबाहेक ६२ दशमलव २ प्रतिशत सबै घरायसी, ३० प्रतिशत मुख्य घरायसी र केही बिक्री तथा ५ दशमलव ६ प्रतिशत मुख्य बिक्री र केही घरायसी प्रयोग गर्ने गरिएको छ । मधेश प्रदेशमा अहिले पनि आम्दानीको मुख्यस्रोत कृषि कार्य हो भनी बताउने कृषकको प्रतिशत ६४ दशमलव ३ छ ।

कृषक परिवारअन्तर्गत मधेशमा जम्मा कित्ता सङ्ख्या २१ लाख ७४ हजार सात सय ९८ र प्रतिकृषक परिवार कित्ता सङ्ख्या २.९ देखाएको छ । यहाँ सबैभन्दा बढी तीन लाख ८४ हजार पाँच सय ५३ हेक्टरमा धानबाली



र दुई लाख ४७ हजार छ सय नौ हेक्टरमा गहुँ र ३३ हजार सात सय १९ हेक्टरमा मकै रहेको छ । यहाँ एकबाली सकिनासाथ अर्को बाली लगाउने अर्थात् बाली सघनता १ दशमलव ८७, स्थायी बालीका रूपमा रहेका आँप, केरा र कागती क्रमशः १५ हजार चार सय ३३ हे, एक हजार एक सय ८३ र एक सय ३७ हेक्टर छ ।

कृषि गणनाको विवरणअनुसार कृषि कार्यका लागि उपकरण प्रयोग गर्ने किसानको संख्यामध्ये ट्र्याक्टर ६४ दशमलव सात, फलामे हलो २० दशमलव आठ र पावरट्रिलर चार दशमलव सात प्रतिशत छ । त्यस्तै, प्रदेशमा १६ दशमलव दुई प्रतिशत कृषक परिवारले कृषि प्रयोजनका लागि ऋण लिएका, एक दशमलव दुई प्रतिशतले मात्रै कृषि बीमा गरेका र तीन दशमलव सात प्रतिशतले सरकारी अनुदान पाएका छन् ।

यहाँ मुख्य कृषकमा ८५ दशमलव आठ प्रतिशत पुरूष र १४ दशमलव दुई प्रतिशत महिला रहेको छन् भने कृषक परिवारमध्ये ३० दशमलव एक प्रतिशतले कृषि कार्यका अतिरिक्त अन्य आर्थिक क्रियाकलाप पनि सञ्चालन गर्ने गरेका छन् ।

त्यस्तै, मधेशमा गाईगोरूको संख्या करिब तीन लाख ८० हजार, राँगाभैँसीको संख्या करिब पाँच लाख २९ हजार, बाख्रा, खसी, बोका, च्याङ्ग्राको संख्या करिब १४ लाख ४८ हजार तथा कुखुराको संख्या करिब २४ लाख ६१ हजार रहेको पनि तथ्यांकले देखाएको छ ।

## बाँकेमा सेनाको निःशुल्क स्वास्थ्य शिविर



**बाँके/मस**-बाँकेको राप्तीसोनारी गाउँपालिका वडा-९ ढकेरीमा सञ्चालित निःशुल्क स्वास्थ्य शिविरमा ढकेरीमा छ सय १७ जनाले स्वास्थ्य जाँच गराएका छन् । राप्तीसोनारी गाउँपालिकाको आयोजना, एचसिआरसी अस्पतालको सहयोग र बाँके राष्ट्रिय निकुञ्जमा तैनाथ नेपाली सेनाको अर्जुनबाण गणको समन्वयमा सञ्चालित शिविरमा शनिबार उनीहरुले स्वास्थ्य परीक्षण गराएका हुन् ।

श्री नं ४ बाहिनी अड्डा इमामनगर ब्यारेकका बाहिनीपति सहायक रथी प्रकाश थापाद्वारा अनुगमन गरिएको उक्त शिविरमा ओभरीस्थित अर्जुनबाण गणका गणपति एवं नेपाली सेनाका प्रधानसेनानी अशोक खड्काले सहरी क्षेत्रको अस्पताल र चिकित्सकसँग सहज पहुँच नभएका स्थानीयलाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरिएको बताए ।

उनले एकदिने शिविरमा स्वास्थ्य जाँच गराउन पाएकामा यहाँका स्थानीय बिरामी खुसी भएको बताए ।

मध्यवर्ती क्षेत्रका स्थानीय र सेनाबीचको सम्बन्ध विस्तारका लागि उक्त स्वास्थ्य शिविर सञ्चालन गरिएको राप्तीसोनारी गाउँपालिका अध्यक्ष तप्त पौडेलले बताए ।

मेडिकल कलेजका अन्य डाक्टरसँगै सेनाका विशषज्ञ डाक्टरद्वारा स्थानीयको स्वस्थ्य जाँच गराउँदा त्यसको विश्वसनीयता बढ्ने भएकाले सेनासँग समन्वय गरिएको उनको भनाइ छ ।

गाउँपालिका स्वास्थ्य शाखा सिअहेब अधिकृत सुरेशकुमार शर्माले सबैभन्दा बढी नाक, कान र घाँटी र स्त्रीरोगसम्बन्धी स्वास्थ्य परीक्षण गरिएको बताउनुभयो । नाक, कान र घाँटीका दुई सय ६० र स्त्रीरोगसम्बन्धी एक सय १२ जनाको स्वास्थ्य जाँच गरिएको थियो । त्यसैगरी दुई सय ५० जनाले सामान्य स्वास्थ्य जाँच गराएका छन् भने हाडजोर्नी तथा नशाका दुई सय ४८ जनाले स्वास्थ्य परीक्षण गराएका थिए । त्यसैगरी मुटुरोगसम्बन्धी ८०, छालारोगसम्बन्धी ६२, रगत जाँच ३२ र मुटुको धड्कन (इसिजी) ४५ जनाले स्वास्थ्य जाँच गराएका छन् ।

शिविरमा कोहलपुर मेडिकल कलेज, नेपालगञ्ज मेडिकल कलेज र आर्मी अस्पताल नेपालगञ्ज र राप्तीसोनारी गाउँपालिकाका एक चिकित्सक गरी नौ चिकित्सक सेवा दिएको एचसिआरसी अस्पताल नेपालगञ्ज बाँकेका रमेश सिटौलाले बताए । उनका अनुसार एक जना बिरामीको एकैपटक तीनदेखि चारवटासम्म स्वास्थ्य जाँच गरिएको थियो ।

शिविरमा नेपाली सेनाका तर्फबाट हाडजोर्नीका डा. अमिररत्न शाक्य, सामान्य स्वास्थ्य जाँचका डा.सुरेश कायस्थ र नाक, कान घाँटीको डा.कविर बाँस्तोलाले बिरामीको स्वास्थ्य जाँच गरेका थिए भने कोहलपुर मेडिकल कलेजबाट छालारोग विशेषज्ञ डा. कमलजंग शाही, मुटुरोग डा.विपीन आर्चायले बिरामीको स्वास्थ्य जाँच गरेका थिए । महिलाको स्वास्थ्य जाँचका लागि महिला प्रसूति निःसन्तान विशषज्ञ डा.मञ्जु विसी शाह, छालारोग डा.आरके झाले स्वास्थ्य जाँच गरेका थिए । स्वास्थ्य शिविरमा निःशुल्क औषधि वितरण गरिएको छ ।

## महिलाको शव फेला

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ९ मंसिर

रौतहटमा एक महिलाको शव फेला परेको छ । शनिबार राजपुर नगरपालिका वडा नम्बर ९ स्थित भिरालो जमिनमा करिब २२ वर्षीया महिलाको शव भेटिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

प्रहरी टोलीले लासजाँच मुचुल्का लगायतका प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी शवलाई पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल गौर रौतहटमा पठाइएको छ । महिलाको हालसम्म पहिचान नखुलेको प्रहरीले जनाएको छ ।

## विद्यापतिको जन्म दिवसको अवसरमा गौरमा कार्यक्रम



**रौतहट/मस**- मैथिल भाषाका कोकिल कवि विद्यापतिको जन्म दिवसको अवसरमा शनिबार एक कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कवि विद्यापतिको मैथिली भाषाका योगदान तथा रचनाबारेमा चर्चा गरिएको थियो । सो अवसरमा विद्यापतिको शालिकमा नगर प्रमुख साहसहितले फूलमाला अर्पण गरेका थिए ।

---

### कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**गण्डकी प्रदेश,नेपाल**
**२०७३**

### घाटगद्दी नदिजन्य पदार्थको लिलाम बिक्रीका लागि बोलपत्र (E-Bidding मात्र) आह्वान सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८०/०८/१०**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८०/०९/११ दिनको १२:०० बजे भित्र**

कावासोती नगरपालिका अन्तर्गत उल्लेखित स्थानमा घाटगद्दी गरि राखिएको नदिजन्य पदार्थको लिलाम बिक्री गर्ने गरी बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घ.फि.) | न्युनतम बोलपत्र रकम (VAT बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | 7/REV/KM /2080/81 | वडा नं. ३, केरुंगे खोला किनार सिशौघारीमा भएको नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ६,९७,४४२.८९ | ९२,४१,११८.२९ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५,०००.०० |
| २ | 8/REV/KM /2080/81 | कालिका पुल मुनि वडा नं ४ ले तटबन्ध गरेको ठाउँ पछाडीको नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ६,७४,८४०.५० | ८९,४१,६३६.६२ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५,०००.०० |
| ३ | 9/REV/KM /2080/81 | वडा नं. १ हात्तीखोर क्षेत्र घाँच को (पक्कि तटबन्ध पछाडी) नदिजन्य पदार्थ डम्पिंग लिलाम बिक्रि | ११,५४,९०४.२५ | १,५३,०२,४८१.३१ | कबोल अंकको (VAT सहितको रकमको) ५% | ५,०००.०० |

यस सम्बन्धी थप जानकारी www.kawasotimum.gov.np, www.bolpatra.gov.np/egp र ९८५७६४१११, ९८४३५००७११ बाट प्राप्त गर्न सकिनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

---

### Melamchi Municipality
### Office of the Municipal Executive
**Melamchi, Sindhupalchok**

### Invitation for Bids

**Date of First Publication: 2080/08/10**

Melamchi Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding Procedures.

| S. N | Name of the Project/ Contract Identification No. | Estimate Amount (Excluding Vat And PS ) | Bid Security Amount NRs. | Price of Bid Document NRs. | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Construction of 10 No. Health post Building Type 4, Melamchi Municipality (MMSI/WORKS/NCB/2080-81/17) | | NRs.9,00,000/- | NRs.5000.00 | 2080/09/10, 12:00 Hrs. | 2080/09/10, 13:00 Hrs |
| 2 | Construction of 7 No. Health post Building Type 4 ,Melamchi Municipality. (MMSI/WORKS/NCB/2080-81/18) | | NRs.6,50,000/- | NRs.5000.00 | 2080/09/10, 12:00 Hrs. | 2080/09/10, 13:00 Hrs |
| 3 | Supply And Delivery of Cartridge for Melamchi Municipality office. ( MMSI/GOODS/NCB/2080-81//02) | | NRs.100,000/- | NRs.3000.00 | 2080/08/25, 12:00 Hrs. | 2080/08/25, 13:00 Hrs |
| 4 | Supply And Delivery of office Goods And Stationery Goods for Melamchi Municipality office. (MMSI/GOODS/NCB/2080-81//03) | | NRs.120,000/- | NRs.3000.00 | 2080/08/25, 12:00 Hrs. | 2080/08/25, 13:00 Hrs |

1). Eligible Bidders may obtain further information from the Office of the Municipal Executive,Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089, Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal www.bolpatra.gov.np/egp.

2) Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,. Bidders should deposit the cost ***mentioned above*** of bidding document in the Project's Rajaswa (revenue) account and bid security fee Dharauti (Deposit) as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.

# स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अविलम्ब शुरु गर्न माग राख्दै आन्दोलनको घोषणा

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ९ मंसिर



राजविराज नगरपालिका-१० बिरौलस्थित शिलान्यास गरिएको रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्य अलपत्र परेको भन्दै सप्तरी युथ नेपालले सात दिने आन्दोलनको घोषणा गरेको छ ।

सप्तरी युथले शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै प्रतिष्ठान निर्माण कार्य अलपत्र परेको र सरकारमाथि दबाव सृजना गर्न एक हप्ते आन्दोलनका कार्यक्रमहरु सार्वजनिक गरेका हुन् ।

शनिबार बसेको बैठकले प्रतिष्ठान निर्माण कार्य अविलम्ब शुरु गराउन दबाबमूलक संघर्षका निमित्त सत्येन्द्र यादवको नेतृत्वमा १८ सदस्य संघर्ष समिति गठन गर्दै पहिलो चरणको आन्दोलन घोषणा गरेको संस्थाका उपाध्यक्ष मोहन कुमार यादवले जानकारी दिए ।

मंसिर १० गते आइतबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराउनेदेखि धर्नासम्मका चरणबद्ध आन्दोलन सार्वजनिक गरिएको छ । त्यस्तै सोमबार न्याली निकाल्ने तयारी गरिएको छ । यसैगरी मंगलबार सिट्ठी जुलुस प्रदर्शन गर्ने, बुधबार दिउँसो टर्च बालेर नेता तथा सांसदको खोजी गर्ने, बिहीबार जिल्ला प्रशासन कार्यालयको गेटमा एक घण्टा धर्ना र शुक्रबार दुई घण्टा धर्ना दिने संघर्षका कार्यक्रमहरु सार्वजनिक गरिएको छ ।

पहिलो चरणको आन्दोलनले पनि सरकार गम्भीर नभए आन्दोलनका थप कार्यक्रमहरु समेत अगाडि बढाइने सप्तरी युथ नेपालले जनाएको छ ।

संस्थाको उपाध्यक्ष मोहन कुमार यादवले हस्ताक्षर गरेको विज्ञप्तिमा भनिएको छ,'सप्तरीका जनतालाई अझै पनि स्वास्थ्योपचार गराउन बाहिर जानुपरिरहेको यथार्थ सबैसामु छर्लङ्ग छ । यस्तो अवस्थामा नेपाल सरकारले जिल्लामा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने घोषणा गर्दा हामी युवासहित समग्र सप्तरीबासी खुशी भएका थियौं । झन् २०७८ साल असार २३ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले राजविराज नगरपालिका-१० बिरौलस्थित भर्चुअल माध्यमबाट प्रतिष्ठानको शिलान्यास गरेपछि हामी झन् उत्साहित भएका थियौं ।'

अहिले स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यालय समेत खाली छ भने निर्माण काम अलपत्र परेको छ । सम्बन्धित निकायले यसतर्फ कुनै पनि चासो राख्न सकेको छैन् । देशकै प्रथम गणतन्त्रवादी नेताको नाम जोडेर स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने घोषणा गरी काम नगर्दा स्वर्गीय रामराजा प्रसाद सिंहको नाम समेत बदनाम गर्नेतर्फ सरकार लागि परेको युथ नेपालले ठहर गरेको छ ।

विज्ञप्तिमा भनिएको छ,'हामी तत्कालै स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण शुरु होस् भन्ने पक्षमा छौं । यही सन्दर्भमा सप्तरी युथ नेपालको २०८० साल मंसिर ९ गते शनिबारका दिन बसेको बैठकले स्वास्थ्य विज्ञान प्रतिष्ठान अबिलम्ब सुचारु गराउन सरकारलाई दबाव दिने उद्देश्यले आन्दोलनमा उत्रिने निर्णय गरेको छ ।'

लामो र बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थासहितको संविधान निर्माण पश्चात् देशमा विकास निर्माण,सुशासन र समृद्धिको यात्रा तीव्र रुपमा अगाडि बढ्नुपर्ने आवश्यकताका बाबजुद यी तमाम मुद्दाहरुलाई ओझेलमा राख्न व्यवस्थाविरोधी मुद्दाहरु उठाइरहेको छ ।

# 'लागुऔषध नियन्त्रण गर्न सबैको साथ र सहयोग आवश्यक'



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर,९ मंसिर

उदयपुरमा लागुऔषध नियन्त्रण, प्रयोग र सबैले निरुत्साहित गर्ने उदेश्यले सञ्चालन गरिएको लागुऔषध नियन्त्रण सम्बन्धी एक दिने जनचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला प्रहरी कार्यालय उदयपुरको आयोजना तथा त्रियुगा नगरपालिकाको सहकार्यमा शनिबार जिल्ला प्रहरी कार्यालय उदयपुरको सभाहलमा भएको कार्यक्रममा त्रियुगा नगरको उपमेयर महेश्वरी राई, जिल्ला प्रहरी प्रमुख एसपी रमेश थापा, पत्रकार लगायत विभिन्न संघसंस्था र लागुऔषध कुलतमा फसेकाहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा विगतमा लागुऔषधबाट छुटकारा पाएका व्यक्तिहरुका अनुभव आदान-प्रदान समेत गरिएको थियो ।

कार्यक्रममा एसपी रमेश थापाले समाजमा लागुऔषध नियन्त्रण र यसको कुलतमा फसेकालाई के कसरी त्यसबाट छुट्कारा दिन सकिन्छ ?, तथा लागुऔषध प्रयोगमा प्रतिबन्धसँगै प्रयोगमा प्रोत्साहन नगर्ने स्वच्छ, स्वस्थ स्वास्थ्यसँगै विकासशील सुरक्षित समाज निर्माणमा सबैको महत्वपूर्ण भूमिका रहनुपर्ने बताए ।

# 'आन्दोलनकारीमाथिको प्रहरी हस्तक्षेप निन्दनीय'




**काठमाडौं/मस**-नेपाल राष्ट्रवादी राजनीतिक मञ्चले राजवादी शक्तिहरुको गणतन्त्रविरुद्धमा आएको राजतन्त्र पुनर्स्थापनाको आवाजलाई मत्थर गर्न कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्नुपर्ने माग गरेका छन् ।

शनिबार संवाद डबलीमा आयोजित पत्रकार सम्मेलनमा वक्ताहरुले गणतान्त्रिक व्यवस्था भनिएपनि विदेशीले खेल्न सक्ने संसदीय व्यवस्थाको कारण प्रतिगामी शक्तिहरुले टाउको उठाउन थालेको आरोप लगाएका छन् ।

मञ्चका संयोजक टी.एस. तामाङले हजारौंको बलिदानबाट प्राप्त अहिलेको गणतान्त्रिक व्यवस्थामाथि प्रश्न उठ्नुको मुख्य दोषी मुख्य दलहरुले नै भएको आरोप लगाए ।

पछिल्लो समयमा दुर्गा प्रसाईं लगायतका व्यक्तिहरुले जनजीविकाको मुद्दाको फेरोमा असान्दर्भिक राजतन्त्रको पुनर्स्थापनाको आवाज गलत भएको उनको ठहर छ । तामाङले प्रसाईंले उठाएका राजतन्त्रको मुद्दा बाहेकका जनपक्षीय मुद्दामा आफूहरुको ऐक्यबद्धता रहेको समेत जानकारी दिए ।

दुर्गा प्रसाईंको संघर्षमा सरकारी दमन गलत भएको बताउँदै उनले भने, 'लोकतान्त्रीक संघीय गणतन्त्रको मूल्य-मान्यता विपरित प्रशासनको प्रसाईंमाथि धरपकड र आन्दोलनमाथिको हस्तक्षेप निन्दनीय छ, त्यस किसिमका कार्य तत्काल रोकियोस् ।'

तामाङले गत अक्टोबरमा भारतीय प्रधानमन्त्री नरेन्द्र मादीले नेपाली भूमि कालपानी, लिपुलेक लगायत भूमिमा गरेको भ्रमणलाई हस्तक्षेपकारी भूमिकाको संज्ञा दिँदै विरोध गरे ।

